राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## खुला विज्ञापनकालागि
## Online दरखास्त फाराम भर्ने सम्बन्धी
## सूचना

मिति : २०७८।०७।१४

यस बैंकको रिक्त रहेका विभिन्न तह र पदमा लोक सेवा आयोगको सहमति अनुसार खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका तथा कुनै वात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०७८।०७।१५ गते देखि Online दरखास्त फाराम भर्न आह्वान गरिएको छ । बैंकले तोकेको Online दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी सो साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र र पासपोर्ट साईजको फोटो अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ । नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थानमा कार्यरत उम्मेदवारहरुले विभागीय स्वीकृति समेत अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका Online दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै नेपाल सरकार वा कुनै संगठित संस्था वा बैंक / वित्तीय संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको, नेपाल राष्ट्र बैंकले जारी गरेको नियमन तथा निर्देशन अनुसार बैंक / वित्तीय संस्थाको कुनै पदमा नियुक्ति हुन अयोग्य हुने भनी तोकिएको व्यक्ति, बैंक/ वित्तीय संस्थाको ऋण नतिरी कालो सूचिमा परेको व्यक्ति, तोकिएको पदमा तोकिएको उमेर नपुगेको वा उमेरको हद नाघेको व्यक्ति, मानसिक सन्तुलन ठिक नभएको र यस अघि लोकसेवा आयोगबाट सञ्चालित परीक्षामा अनियमितता गरी उम्मेदवार हुन बन्देज लगाईएको अवधि पूरा नभएका उम्मेदवारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुटा विवरण उल्लेख गरी Online दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

परीक्षा दस्तुर समेत Online मार्फत उपलब्ध गराईएका माध्यम (RBB Mobile Banking वा e-Sewa वा Khalti वा NamastePay वा तोकिएका अन्य) बाट बुझाउनु पर्नेछ । परीक्षा दस्तुर नगदमा बुझ्ने व्यवस्था नरहेको व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

<u>तपसिल</u>

१) बिज्ञापन नं., कार्यालय, तह, पद, सेवा, समूह र आवश्यक पद संख्या :

| सि.नं. | विज्ञापन नं. | कार्यालय | तह | पद | सेवा /समूह | पद संख्या | खुला | समावेशी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| १ | ४३।२०७८।०७९ | के.का. र सो अन्तर्गत | ९ | वरिष्ठ प्रबन्धक | प्रशासन/प्रशासन | २ | १ | १ | – | – | – | – | – |
| २ | ४४।२०७८।०७९ | के.का. र सो अन्तर्गत | ८ | प्रबन्धक | प्रशासन/प्रशासन | ६ | ३ | १ | १ | १ | – | – | – |
| ३ | ४५।२०७८।०७९ | के.का. र सो अन्तर्गत | ७ | उप प्रबन्धक | प्रशासन/प्रशासन | १८ | १० | ३ | २ | २ | १ | – | – |
| ४ | ४६।२०७८।०७९ | के.का. र सो अन्तर्गत | ७ | उप प्रबन्धक (लेखा) | प्रशासन/लेखा | १ | १ | – | – | – | – | – | – |
| ५ | ४७।२०७८।०७९ | प्रदेश १ र सो अन्तर्गतका कार्यालय | | | | ४३ | २४ | ६ | ५ | ४ | २ | १ | १ |
| ६ | ४८।२०७८।०७९ | प्रदेश २ र सो अन्तर्गतका कार्यालय | | | | २८ | १५ | ४ | ३ | ३ | १ | १ | १ |
| ७ | ४९।२०७८।०७९ | बागमति प्रदेश अन्तर्गत (उपत्यका बाहिर) का कार्यालय | | | | ३५ | १९ | ५ | ४ | ४ | १ | १ | १ |
| ८ | ५०।२०७८।०७९ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | ६ | सहायक प्रबन्धक | प्रशासन/प्रशासन | २६ | १४ | ४ | ३ | ३ | १ | १ | – |
| ९ | ५१।२०७८।०७९ | लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ३० | १७ | ४ | ३ | ३ | १ | १ | १ |
| १० | ५२।२०७८।०७९ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १८ | १० | ३ | २ | २ | १ | – | – |
| ११ | ५३।२०७८।०७९ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | २० | ११ | ३ | २ | २ | १ | १ | – |
| १२ | ५४।२०७८।०७९ | के.का. र सो अन्तर्गत | ६ | सहायक प्रबन्धक (कानुन) | प्रशासन/ कानुन | ६ | ३ | १ | १ | १ | – | – | – |
| १३ | ५५।२०७८।०७९ | प्रदेश १ र सो अन्तर्गतका कार्यालय | | | | ३ | २ | – | – | – | १ | – | – |
| १४ | ५६।२०७८।०७९ | प्रदेश २ र सो अन्तर्गतका कार्यालय | | | | २ | १ | – | – | १ | – | – | – |
| १५ | ५७।२०७८।०७९ | बागमति प्रदेश अन्तर्गत (उपत्यका बाहिर) का कार्यालय | | | | २ | १ | १ | – | – | – | – | – |
| १६ | ५८।२०७८।०७९ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | ६ | सहायक प्रबन्धक (सूचना प्रविधि) | प्रशासन / सूचना प्रविधि | २ | १ | – | १ | – | – | – | – |
| १७ | ५९।२०७८।०७९ | लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ३ | २ | १ | – | – | – | – | – |
| १८ | ६०।२०७८।०७९ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १ | १ | – | – | – | – | – | – |
| १९ | ६१।२०७८।०७९ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | २ | १ | – | १ | – | – | – | – |

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## खुला विज्ञापनकालागि
## Online दरखास्त फाराम भर्ने सम्बन्धी
## सूचना

| सि.नं. | विज्ञापन नं. | कार्यालय | तह | पद | सेवा / समूह | पद संख्या | खुला | समावेशी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| २० | ६२।२०७८।०७९ | प्रदेश १ र सो अन्तर्गतका कार्यालय | ६ | सहायक प्रबन्धक (नगद) | प्रशासन / नगद | ३ | २ | – | १ | – | – | – | – |
| २१ | ६३।२०७८।०७९ | प्रदेश २ र सो अन्तर्गतका कार्यालय | | | | ३ | २ | – | – | १ | – | – | – |
| २२ | ६४।२०७८।०७९ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | २ | १ | १ | – | – | – | – | – |
| २३ | ६५।२०७८।०७९ | लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ४ | १ | १ | १ | १ | – | – | – |
| २४ | ६६।२०७८।०७९ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १ | १ | – | – | – | – | – | – |
| २५ | ६७।२०७८।०७९ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | २ | १ | – | – | – | १ | – | – |
| २६ | ६८।२०७८।०७९ | प्रदेश १ र सो अन्तर्गतका कार्यालय | ५ | वरिष्ठ सहायक | प्रशासन / प्रशासन | ३९ | २१ | ६ | ५ | ४ | १ | १ | १ |
| २७ | ६९।२०७८।०७९ | प्रदेश २ र सो अन्तर्गतका कार्यालय | | | | २५ | १४ | ४ | ३ | २ | १ | १ | – |
| २८ | ७०।२०७८।०७९ | बागमति प्रदेश अन्तर्गत (उपत्यका बाहिर) का कार्यालय | | | | ३४ | १९ | ५ | ४ | ३ | १ | १ | १ |
| २९ | ७१।२०७८।०७९ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | २२ | १२ | ३ | ३ | २ | १ | १ | – |
| ३० | ७२।२०७८।०७९ | लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | २६ | १४ | ४ | ३ | ३ | १ | १ | – |
| ३१ | ७३।२०७८।०७९ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १६ | ९ | २ | २ | २ | १ | – | – |
| ३२ | ७४।२०७८।०७९ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १७ | ९ | ३ | २ | २ | १ | – | – |
| ३३ | ७५।२०७८।०७९ | प्रदेश १ र सो अन्तर्गतका कार्यालय | ५ | वरिष्ठ सहायक (नगद) | प्रशासन / नगद | ७ | ४ | १ | – | १ | १ | – | – |
| ३४ | ७६।२०७८।०७९ | प्रदेश २ र सो अन्तर्गतका कार्यालय | | | | ५ | ३ | – | १ | १ | – | – | – |
| ३५ | ७७।२०७८।०७९ | बागमति प्रदेश अन्तर्गत (उपत्यका बाहिर) का कार्यालय | | | | ५ | ३ | १ | १ | – | – | – | – |
| ३६ | ७८।२०७८।०७९ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ४ | २ | १ | १ | – | – | – | – |
| ३७ | ७९।२०७८।०७९ | लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ५ | ३ | – | १ | – | – | १ | – |
| ३८ | ८०।२०७८।०७९ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ३ | २ | – | – | – | – | – | १ |
| ३९ | ८१।२०७८।०७९ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ३ | २ | १ | – | – | – | – | – |
| ४० | ८२।२०७८।०७९ | प्रदेश १ र सो अन्तर्गतका कार्यालय | ५ | वरिष्ठ सहायक ( कानुन) | प्रशासन / कानुन | १ | १ | – | – | – | – | – | – |
| ४१ | ८३।२०७८।०७९ | प्रदेश २ र सो अन्तर्गतका कार्यालय | | | | १ | १ | – | – | – | – | – | – |
| ४२ | ८४।२०७८।०७९ | बागमति प्रदेश अन्तर्गत (उपत्यका बाहिर) का कार्यालय | | | | ४ | १ | १ | १ | १ | – | – | – |
| ४३ | ८५।२०७८।०७९ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १ | १ | – | – | – | – | – | – |
| ४४ | ८६।२०७८।०७९ | लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १ | १ | – | – | – | – | – | – |
| ४५ | ८७।२०७८।०७९ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १ | १ | – | – | – | – | – | – |
| ४६ | ८८।२०७८।०७९ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १ | १ | – | – | – | – | – | – |
| ४७ | ८९।२०७८।०७९ | प्रदेश १ र सो अन्तर्गतका कार्यालय | ५ | वरिष्ठ सहायक (सूचना प्रविधि) | प्रशासन / सूचना प्रविधि | ११ | ६ | १ | १ | १ | १ | १ | – |
| ४८ | ९०।२०७८।०७९ | प्रदेश २ र सो अन्तर्गतका कार्यालय | | | | ७ | ४ | १ | १ | १ | – | – | – |
| ४९ | ९१।२०७८।०७९ | बागमति प्रदेश अन्तर्गत (उपत्यका बाहिर) का कार्यालय | | | | ४ | २ | १ | १ | – | – | – | – |
| ५० | ९२।२०७८।०७९ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ६ | ३ | १ | १ | १ | – | – | – |
| ५१ | ९३।२०७८।०७९ | लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ८ | ४ | १ | १ | १ | १ | – | – |
| ५२ | ९४।२०७८।०७९ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ३ | २ | १ | – | – | – | – | – |
| ५३ | ९५।२०७८।०७९ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ५ | ३ | १ | – | – | – | – | १ |

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## खुला विज्ञापनकालागि
## Online दरखास्त फाराम भर्ने सम्बन्धी
## सूचना

| सि.नं. | विज्ञापन नं. | कार्यालय | तह | पद | सेवा /समूह | पद संख्या | खुला | समावेशी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| ५४ | ९६।२०७८।०७९ | प्रदेश १ र सो अन्तर्गतका कार्यालय | ४ | सहायक | प्रशासन / प्रशासन | ९० | ५० | १३ | ११ | ९ | ३ | २ | २ |
| ५५ | ९७।२०७८।०७९ | प्रदेश २ र सो अन्तर्गतका कार्यालय | ४ | सहायक | प्रशासन / प्रशासन | २७ | १५ | ४ | ३ | ३ | १ | १ | – |
| ५६ | ९८।२०७८।०७९ | बागमति प्रदेश अन्तर्गत (उपत्यका बाहिर) का कार्यालय | ४ | सहायक | प्रशासन / प्रशासन | ३० | १७ | ४ | ३ | ३ | १ | १ | १ |
| ५७ | ९९।२०७८।०७९ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | ४ | सहायक | प्रशासन / प्रशासन | २४ | १३ | ४ | ३ | २ | १ | १ | – |
| ५८ | १००।२०७८।०७९ | लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय | ४ | सहायक | प्रशासन / प्रशासन | ३० | १७ | ४ | ३ | ३ | १ | १ | १ |
| ५९ | १०१।२०७८।०७९ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | ४ | सहायक | प्रशासन / प्रशासन | २२ | १२ | ३ | ३ | २ | १ | १ | – |
| ६० | १०२।२०७८।०७९ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | ४ | सहायक | प्रशासन / प्रशासन | २२ | १२ | ३ | ३ | २ | १ | १ | – |
| ६१ | १०३।२०७८।०७९ | प्रदेश १ र सो अन्तर्गतका कार्यालय | ४ | सहायक (नगद) | प्रशासन / नगद | १४ | ८ | २ | २ | १ | १ | – | – |
| ६२ | १०४।२०७८।०७९ | प्रदेश २ र सो अन्तर्गतका कार्यालय | ४ | सहायक (नगद) | प्रशासन / नगद | ९ | ५ | १ | १ | १ | १ | – | – |
| ६३ | १०५।२०७८।०७९ | बागमति प्रदेश अन्तर्गत (उपत्यका बाहिर) का कार्यालय | ४ | सहायक (नगद) | प्रशासन / नगद | १० | ६ | १ | १ | १ | १ | – | – |
| ६४ | १०६।२०७८।०७९ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | ४ | सहायक (नगद) | प्रशासन / नगद | ८ | ४ | १ | १ | १ | १ | – | – |
| ६५ | १०७।२०७८।०७९ | लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय | ४ | सहायक (नगद) | प्रशासन / नगद | १० | ६ | १ | १ | १ | १ | – | – |
| ६६ | १०८।२०७८।०७९ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | ४ | सहायक (नगद) | प्रशासन / नगद | ६ | ३ | १ | १ | १ | – | – | – |
| ६७ | १०९।२०७८।०७९ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | ४ | सहायक (नगद) | प्रशासन / नगद | ६ | ३ | १ | १ | १ | – | – | – |

(२) सेवाको किसिम :– स्थायी ।

(३) आवश्यक न्यूनतम शैक्षिक योग्यता :–

(क) वरिष्ठ प्रवन्धक पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बाणिज्यशास्त्र, जनप्रशासन वा मानविकी संकायमा मूल विषय अर्थशास्त्र लिई प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थामा अधिकृत तहमा कम्तिमा ८ वर्षको अनुभव भएको ।

(ख) प्रवन्धक पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बाणिज्यशास्त्र, जनप्रशासन वा मानविकी संकायमा मूल बिषय अर्थशास्त्र लिई प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थामा अधिकृत तहमा कम्तिमा ६ वर्षको अनुभव भएको ।

(ग) उप–प्रवन्धक पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बाणिज्यशास्त्र, जनप्रशासन वा मानविकी संकायमा मूल बिषय अर्थशास्त्र लिई प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थामा अधिकृत तहमा कम्तिमा ५ वर्षको अनुभव भएको ।

(घ) उपप्रबन्धक (लेखा) : मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टड एकाउण्टेन्सी उपाधि हासिल गरेको ।

(ङ) सहायक प्रबन्धक तथा सहायक प्रबन्धक (नगद) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बाणिज्यशास्त्र, जनप्रशासन वा मानविकी संकायमा मूल बिषय अर्थशास्त्र लिई स्नातकोत्तर उपाधि हासिल गरेको ।

(च) सहायक प्रबन्धक (कानुन) : मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन संकायतर्फ स्नातकोत्तर उपाधि हासिल गरेको ।

(छ) सहायक प्रबन्धक (सूचना प्रविधि) : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर वा कम्प्यूटर साइन्स वा कम्युनिकेशन वा सूचना प्रविधि विषयमा स्नातकोत्तर स्तरको उपाधि हासिल गरेको ।

(ज) वरिष्ठ सहायक तथा वरिष्ठ सहायक (नगद) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बाणिज्यशास्त्र, जनप्रशासन वा मानविकी तर्फ अर्थशास्त्र मूल बिषय लिई स्नातक उपाधि हासिल गरेको ।

(झ) वरिष्ठ सहायक (सूचना प्रविधि) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर वा कम्प्यूटर साइन्स वा कम्युनिकेशन वा सूचना प्रविधि विषयमा स्नातक उपाधि हासिल गरेको ।

(ञ) वरिष्ठ सहायक (कानून) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून संकाय तर्फ स्नातक उपाधि हासिल गरेको ।

(ट) सहायक तथा सहायक (नगद) पदका लागि : दश जोड दुई वा सो सरहको योग्यता हासिल गरेको ।

(४) दरखास्तको आधार :– समावेशी समूहको लागि छुट्याइएको पदमा online दरखास्त दिने उम्मेदवारले देहायको आधारमा दरखास्त दिनु पर्नेछ ।

(क) आदिवासी / जनजातीका हकमा नेपाल आदिवासी / जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो ऐनको सूचीको आधारमा, तर नेपाल आदिवासी / जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(घ) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको प्रमाणपत्र दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउं पालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको प्रमाणपत्र दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(५) तलव तथा अन्य सुविधा :– बैंकको प्रचलित नियम अनुसार ।

(६) उम्मेदवारको उमेर :– Online दरखास्त दिने अन्तिम मिति (अर्थात २०७८।०८।०५ गते) सम्ममा (क) तह ७, ८ र ९ का लागि २१ बर्ष पूरा भई ४० बर्ष ननाघेको । (ख) तह ६ का लागि २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । (ग) सहायक स्तर तह ५ र ४ का लागि १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । (तह ४, ५ र ६ मा महिला तथा अपाङ्गता भएका व्यक्तिका हकमा ४० वर्ष सम्म उम्मेदवार हुन सक्नेछ ।) बैंकमा कार्यरत स्थायी कर्मचारीलाई उपरोक्तानुसारको उमेरको हद लाग्ने छैन ।

(७) उम्मेदवारको छनौट विधि :– तह ५, ६, ७ र ८ का लागि लिखित तथा अन्तर्वार्ता, तह ९ का लागि लिखित, प्रस्तुतीकरण तथा अन्तर्वार्ता । तह ४ का लागि प्रथम चरणमा पूर्वयोग्यता परीक्षा लिइनेछ र सो परीक्षा उत्तीर्ण हुने उम्मेदवारमात्र द्वितीय चरणको लिखत परीक्षामा र द्वितीय चरणको लिखत परीक्षामा उत्तीर्ण हुने उम्मेदवारमात्र तृतीय चरणको अन्तर्वार्तामा सहभागी हुन पाउने छन । पूर्वयोग्यता परीक्षाको अंक जोडीने छैन ।

(८) अन्य सेवा शर्त :–राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली, २०७० (छैठौं संशोधन) बमोजिम ।

(९) परीक्षणकाल अवधि :– महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

(१०) पदस्थापन :– उपरोक्त बिज्ञापन अनुसार तह ६ सहायक प्रवन्धक (कानुन), तह ७, ८ र ९ मा नियुक्त हुने कर्मचारीहरुलाई केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय र शाखा कार्यालयहरुमा काम गर्ने गरी पदस्थापन गरिनेछ । तह ६ को सहायक प्रवन्धक, सहायक प्रवन्धक ( नगद), सहायक प्रवन्धक (सूचना प्रविधि) पदमा नियुक्त हुने कर्मचारीहरुलाई सम्बन्धित प्रदेश र सो अन्तर्गतका शाखा कार्यालयहरुमा ( बागमति प्रदेशको हकमा उपत्यका बाहिर) कम्तिमा ५ वर्ष तथा तह ४ र ५ मा नियुक्त हुने कर्मचारीहरुलाई सम्बन्धित प्रदेश र सो अन्तर्गतका शाखा कार्यालयहरु (बागमति प्रदेशको हकमा उपत्यका बाहिर) मा कम्तिमा ७ वर्ष कामकाज गर्ने गरी पदस्थापन गरिनेछ ।

(११) Online दरखास्त फाराम भर्न राष्ट्रिय वाणिज्य बैंकको website https://recruitment.rbb.com.np मा गई त्यहाँ राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।

(१२) परीक्षा दस्तुर :– (क) तह ६, ७, ८ र ९ को खुला समूहका लागि रु.७००।–(सात सय) र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु.२००।– (दुई सय) । (कुनै एक समावेशी समूहकालागि मात्र भरेमा रु. ७००।– (सात सय) तथा एक भन्दा बढी समावेशी समूहमा भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रु.२००।– (दुई सय) ।

(ख) तह ४ र ५ को खुला समूहका लागि रु.५००।– (पांच सय) र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु.१००।– (एक सय) । (कुनै एक समावेशी समूहकालागि मात्र भरेमा रु.५००।– (पांच सय) तथा एक भन्दा बढी समावेशी समूहमा भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रु.१००।–(एक सय) ।

(१३) Online दरखास्त फाराम भर्ने मिति :– Online दरखास्त फाराम शुरु हुने मिति २०७८।०७।१५ गतेले २१ दिन (अर्थात मिति २०७८।०८।०५गते)भित्र र दोब्बर दस्तुर तिरी थप ७ दिन (अर्थात मिति २०७८।०८।१२ गते) सम्म ।

(१४) परीक्षा दस्तुर बुझाउने प्रक्रिया :- Online Application Portal मा भर्नु पर्ने व्यक्तिगत विवरण, पारिवारिक विवरण, आवेदन समूह, शैक्षिक विवरण तथा आवश्यक भएमा अनुभव र तालिमको विवरण भरे पश्चात शुल्क भुक्तानी Tab मा गई उपलब्ध माध्यम (RBB Mobile Banking वा e-Sewa वा Khalti वा NamastePay वा तोकिएको अन्य) मध्ये आफुले बुझाउन चाहेको माध्यममा Click गरी दस्तुर बुझाउनु पर्नेछ । यसरी परीक्षा दस्तुर बुझाउंदा एक भन्दा बढी विज्ञापनमा दरखास्त फाराम भर्ने उम्मेदवारले हरेक विज्ञापनका लागि छुट्टा छुट्टै दस्तुर बुझाउनु पर्नेछ ।

Online दरखास्त फाराम Submit गरे पश्चात "Form has been Submited", परीक्षा दस्तुर भुक्तानी भए पश्चात "Payment Successfully Received", भरिएको फर्म स्वीकृत भए पछि "....has been Approved", भरिएको फाराम चेकिङ्ग गर्दा केहि विवरण भर्न छुट भएकों वा कागजात Upload गर्न छुट भएको देखिएमा "...has been Rejected" गरिनेछ । यसरी Reject भएको फाराममा छुट विवरण भर्न तथा Upload गर्न छुट भएको कागजात Upload गर्न सकिनेछ । फाराम अस्वीकृत भएमा "....has been Cancelled" भन्ने SMS फाराम भर्दा दिईएको मोवाइल नम्बर मार्फत प्राप्त हुनेछ । सो अनुरुपको SMS प्राप्त भए नभएको सम्बन्धमा सम्बन्धित दरखास्तवालाले एकिन गर्नु पर्नेछ ।

(१५) लिखित परीक्षा सञ्चालन हुने स्थान :– अधिकृत स्तर (तह ६, ७, ८ र ९) का पदहरुका लागि लोक सेवा आयोगले तोके बमोजिम काठमाण्डौमा तथा सहायक स्तर (तह ४ र ५) का पदहरुमा लोक सेवा आयोगका सम्बन्धित कार्यालयबाट तोके बमोजिमका सम्बन्धित प्रदेशका स्थानहरुमा।

(१६) परीक्षा सञ्चालन हुने मिति र परीक्षा केन्द्र :– सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

(१७) एउटा पदको लिखित परीक्षा एकै दिन र एकै समयमा हुनेछ । एउटै पदका एक भन्दा बढी विज्ञापनहरुहरुमा दरखास्त फाराम भर्ने उम्मेदवारहरुले कुनै एउटा विज्ञापनको लिखित परीक्षामा मात्र सहभागी हुन सक्नेछन् ।

(१८) लिखित परीक्षाको पाठ्यक्रम राष्ट्रिय वाणिज्य बैंकको Website: www.rbb.com.np को Notice भित्र Career Notice मा राखिएको छ ।

(१९) उपरोक्त पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

(२०) माथि उल्लेखित विज्ञापनहरुमा काम गर्न इच्छुक नेपाली नागरिकहरुले Online दरखास्त फाराम भर्न सक्नेछन् ।

(२१) शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, अनुभव, सेवा अवधि सम्बन्धि तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति (२०७८।०८।०५) सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ ।

(२२) आवेदन स्वीकृत, अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बैंकलाई हुनेछ ।

(२३) Online दरखास्त फाराम भर्दा अस्पष्ट भएमा यस विभागको टेलिफोन नं. ०१४२५२५९५ एक्सटेन्सन नं. : ३५४९ र ३५४८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति